# दित्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ८ मितिः १० आषाढ, २०८० साल

# भाग-२

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको रक्तसंचार सेवा संचालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** रगत मानिसलाई नभइ नहुने अति आवश्यक तत्व हो। स्वस्थ मानिसमा ३ देखि ५ लिटर रगत प्रवाह भईरहेको हुन्छ। मानव शरीरमा आवश्यक तत्त्व तथा प्राणको लागि चाहिने अक्सिजन रगतले बोकेर शरिरका सवै कोषमा पुर्याई रहेको हुन्छ।बढ्दो आधुनिकीकरण सहित सवारी साधनको अत्याधिक प्रयोगको कारण दुर्घटना भई घाइतेहरुको संख्या वृद्धि हुनु तथा विभिन्न संक्रामक एवं नसर्ने रोगहरुमा समेत रक्तसंचार गर्नु पर्ने आजको आवश्यकता हो। उपयुक्त समयमा रगत पाउँदा मानिसको प्राण बच्न सक्छ भने ढीला सुस्ती भयो भने प्राण समेत जान सक्छ। अस्पतालमा विभिन्न रोगहरुको उपचार गर्दा, शरीरको विभिन्न भागमा शल्यक्रिया गर्दा, कुनै कारणले शरीरबाट रगत बगेर रगत कम रहेको अवस्थामा, रगतको आवश्यकता पर्दछ। तसर्थ रक्तसंचार सेवा सम्वन्धी क्रियाकलापलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका रक्तसंचार व्यवस्थापन सम्वन्धी क्रियाकलाप संचालन गर्न वाञ्छनीय भएकोले, दिक्तेल रुपाकोट मझुवागढी नगरकार्यपालिकाले रक्तसंचार सेवा संचालन सम्बन्धी कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको रक्तसंचार सेवा संचालन सम्बन्धी कार्यविधि, २०८०” रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको रक्तसंचार सेवा संचालन सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) "नगरसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिम गठित दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(घ) "स्वास्थ्य शाखा" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ।

(ङ) "बैठक" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको बैठक भन्ने सम्झनु पर्दछ।

(च) "रक्तसंचार सेवा" भन्नाले नेपाल रेडक्रस सोसाईटी खोटाङ जिल्ला शाखाद्वारा रगतको आवश्यकता पर्न गएका बिरामीलाई प्रदान गरिने सेवालाई सम्झनु पर्दछ।

(छ) "रक्तसंचार केन्द्र" भन्नाले रगत पुर्याई रहेको संस्था नेपाल रेडक्रस सोसाइटी अन्तर्गत संचालित Blood Bank लाई सम्झनु पर्दछ।

(ज) "रेडक्रस" भन्नाले नेपाल रेडक्रस सोसाईटी, खोटाङ जिल्ला शाखालाई सम्झनु पर्दछ।

३. **उद्देश्यः** यस रक्तसंचार सेवाका उद्देश्यहरु देहाय वमोजिम हुनेछन,

(क) रगत आवश्यक परेको विरामीहरुलाई रगत उपलब्ध गराउने।

(ख) रक्तदान गर्नको लागि समुदायका व्यक्तिहरुमा सचेतना जगाउने।

(ग) रक्तदानबाट संकलित रगत खपत नभएमा उक्त रगत अन्य जिल्लामा रहेको रक्तसंचार केन्द्रमा पठाउने र आवश्यक भएको खण्डमा अन्य जिल्लाबाट रगत आपूर्ति गर्ने।

४. **रक्तसंचार केन्द्र संचालनः** रक्तसंचार केन्द्र देहाय बमोजिम संचालन हुनेछ,

(क) रक्तसंचार केन्द्र नेपाल रेडक्रस सोसाईटी मातहतमा संचालन हुनेछ।

(ख) रक्तसंचार सेवा संचालनको लागी आवश्यक आर्थिक व्यवस्थापन दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले गर्नेछ।

(ग) रक्तसंचार केन्द्रको थप व्यवस्थापन आवश्यकता अनुरुप दुई पक्षीय सम्झौताबाट गर्न सकिनेछ।

५. **रक्तसंचार सेवा संचालन उपसमितिः** रक्तसंचार केन्द्र संचालनको लागि नेपाल रेडक्रस सोसाईटीले रक्तसंचार उपसमिति बनाई संचालन गर्नु पर्नेछ।

६. **उपसमितिको काम, कर्तव्य र अधिकारः** उपसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) रक्तसंचार सेवा संचालनको लागि सरोकारवाला निकायसंग समन्वय गरी आवश्यक सहयोग जुटाउने,

(ख) रगत आपूर्तिको लागि रक्तदान कार्यक्रम गर्न र गराउन आवश्यक जनचेतना तथा समुदायमा उत्प्रेरणा जगाउने,

(ग) उपसमितिको बैठकमा सबै सेवाग्राहीले प्राप्त गरेको रगतको पिन्ट तथा शुल्क खर्चको विषयमा छलफल गर्ने र नगरपालिकामा सो को जानकारी गराउने,

(घ) रक्तसंचार सेवाको बार्षिक गतिविधि योजना बनाउने, कार्यन्वयन गर्ने र प्रतिवेदन बुझाउने,

(ङ) कार्यक्रमको निरन्तरताको विषयमा प्रत्येक वर्षको अन्तमा नगरपालिकाको बजेटपूर्व छलफल गर्ने।

७. **रक्तसंचार सेवा अनुगमन समितिः** यस रक्तसंचार सेवा अनुगमन समिति देहाय बमोजिम गठन गरिने छ,

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) नेपाल रेडक्रस सोसाईटी सभापति - सदस्य

(ङ) स्वास्थ्य कार्यालय खोटाङ प्रमुख - सदस्य

८. **अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) रक्तसंचार केन्द्रको अनुगमन गर्ने तथा सुधार गर्नुपर्ने पक्षहरु औंलाउने,

(ख) सुधार गर्नुपर्ने पक्षहरुको विषयमा आवश्यक सुझाव प्रदान गर्ने।

९. **रक्तसंचार सेवा संचालन शुल्क तथा कोष सम्बन्धी व्यवस्थाः** रक्तसंचार केन्द्रद्वारा निःशुल्क रगतको व्यवस्था गरिनेछ। रक्तसंचार सेवामा लाग्ने खर्चहरु नगरपालिकाद्वारा नेपाल रेडक्रस सोसाइटीलाई उपलब्ध गराइने छ। नेपाल रेडक्रस सोसाईटीले रक्तसंचार सेवा संचालनको लागि छुट्टै खाता संचालन गरी गर्नुपर्नेछ।

१०. **रक्तसंचार केन्द्रमा कर्मचारीको नियुक्ति र सेवा सुबिधाः** रक्तसंचार केन्द्रमा कर्मचारीहरुको संख्या र तह अनुसूची-१ बमोजिम हुनेछ, कर्मचारीको सेवा सुविधा तोक्ने र कर्मचारीहरुको परिचालन नगरपालिकाले गर्नेछ।

११. **रक्तसंचार केन्द्रका कर्मचारीहरूको काम, कर्तब्य र अधिकारः** रक्तसंचार केन्द्रका कर्मचारीहरूको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) बिरामीहरुलाई डाक्टरको प्रेस्क्रिप्शन अनुसार आवश्यक रगत प्रदान गर्ने,

(ख) रगत संकलन, भण्डारण तथा वितरण गर्ने,

(ग) संकलन, भण्डारण तथा वितरणको अभिलेख राम्रो संग राख्ने र मासिक रुपमा प्रतिबेदन उपसमितिलाई बुझाउने,

(घ) रक्तदाताहरुको Blood Group पहिचान गरेर रेकर्ड राख्ने र आवश्यक परेको खण्डमा रक्तदानको लागि सम्पर्क गर्ने,

(ङ) चाहिएको Blood Group को रगत भण्डारमा नभएमा, सुचिकृत गरिएको donor संग सम्पर्क गरेर रगतको आवश्यकता पूर्ति गर्ने,

(च) आफ्नो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राखु पर्ने तथा विरामीबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर, कानुनी र पेशागत दायित्व निर्बाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने।

१२. **कार्यविधि संसोधनः** यस कार्यविधिमा उल्लिखित कुनै दफा, उपदफा संसोधन तथा थपघट गर्न आवश्यक भएको खण्डमा संचालन उपसमितिको निर्णय सहित कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ। उक्त संशोधित

दफा, उपदफाहरु कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**१३. खारेजी र वचाउः**

(क) यस कार्यविधि जारी हुनु अघि रक्तसंचार सेवा संचालन सम्बन्धी भए गरेका काम कुराहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(ख) यस कार्यविधिमा उल्लेखित दफाहरू स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित ऐन कानूनसंग बाझिएको खण्डमा स्वतः अमान्य हुनेछ।

## अनुसूची- १

### (दफा १० संग सम्बन्धित)

रक्तसंचार केन्द्रमा कर्मचारीहरु निम्न सङ्ख्या र तहका हुनेछन्।

१. ल्याब टेक्निसियन - १ जना (तह - ५ )

२. ल्याब एसिस्टेन्ट - १ जना (तह - ४)

३. कार्यलय सहयोगी - १ जना (श्रेणी विहिन)

**प्रमाणीकरण मितिः २०८०।०३।०६**

**आज्ञाले,**
**राज कुमार राई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**